# पुनर्वास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पुनर्वास, कञ्चनपुर
## प्रदेश नं.७, नेपाल

# सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति :- २०७४।१२।२०)**

यस नगरपालिका कार्यालयवाट तपसिल वमोजिमको निर्माण कार्य सिलवन्दी दरभाउपत्रको माध्यमवाट गर्नु पर्ने भएको हुदा नेपाल सरकारवाट ईजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुवाट स्थायी लेखा नम्बर, आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ.व.२०७३/०७४ को करचुक्ता प्रमाण पत्र तथा सम्बन्धित स्थानीय तह (महा.न.पा./उप.म.न.पा./न.पा./गा.पा.)मा व्यवसायी दर्ता प्रमाण पत्र नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी संलग्न राखी आधिकारिक निर्माण व्यवसायीबाट तपसिलका शर्तहरुको अधीनमा रहि रीतपुर्वकको सिलवन्दी दरभाउपत्रको माध्यमबाट दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**सिलबन्दी दरभाउपत्रका शर्तहरु**

१.दरभाउपत्र सम्वन्धि कागजातहरु यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र यस कार्यालयवाट फाराम दस्तुर **रु.१,०००।०० (अक्षरेपी एक हजार मात्र) तिरी वा** यस न.पा.को राष्ट्रिय वाणिज्य बैंक, शिवसरोजस्थल, पुनर्वास शाखामा रहेको **न.पा.सञ्चित कोष खाता नं.४२१०३०४०१८१०२** मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गरी **(पछि फिर्ता नहुने गरी)** खरिद गर्न सकिनेछ ।

२.दरभाउपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२.०० बजेसम्म छुट्टा छुट्टै ठेक्काको छुट्टा छुट्टै खाममा विवरण प्रष्ट खुलाई सिलवन्दी गरि यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका सबै दरभाउपत्रहरु कार्यालय प्रतिनिधि तथा दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरुको रोहवरमा दाखिला गर्ने अन्तिम दिनको अपरान्ह २.००वजे खोलिने छ। तर दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएपनि दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।

३.दरभाउपत्र जमानत वापत तपसिलमा उल्लेखित रकम पुनर्वास नगरपालिका कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, शिवसरोजस्थल, पुनर्वास शाखामा रहेको **धरौटी खाता नं. ४२१०३०३००७१०२** मा नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट **कम्तीमा ७५ दिन** म्याद भएको वाणिज्य वैंकवाट तोकिएको ढांचामा यस कार्यालयको नाममा जारी भएको दरभाउपत्र बैंक जमानत दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

४.रीत नपुगेको वा ढिलो गरी प्राप्त हुन आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन । साथै दररेट अंक र अक्षर दुबैमा हुनु पर्नेछ । कुनै किसिमको छुट दिने भएमा बि.ओ क्यू.को इफ एनि डिस्काउन्टको महलमा उल्लेख नगरी सोही पेजको अन्यत्र ठाउंमा उल्लेख भएमा मान्यता हुनेछैन ।

५.दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन वा खोल्ने दिन विदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिन हुनेछ ।

६.आयकर लगायत स्थानीय कर र नेपाल सरकारलाई तिर्नु बुझाउन पर्ने सबै कर (मु.अ.कर वाहेक) सम्वन्धित दरभाउपत्रदाताले स्वयं व्यहोर्नु पर्नेछ ।

७.सम्झौता अवधिभर मुल्यवृद्वि उपलव्ध गराईने छैन । नेपाल सरकारको हितलाई ध्यानमा राखि दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८.दरभाउपत्र पेश गर्दा सिलबन्दी खाम बाहिर कार्यालयको नाम कार्यको विवरण र दरभाउपत्रदाता फर्मको नाम, ठेगाना, सम्पर्क नं.र छाप लागेको हुनुपर्नेछ।

९.दरभाउपत्रमा भाग लिन फर्म अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको, ठेक्का सम्वन्धी पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफुले सजाय नपाएको व्यहोरा सार्वजनिक खरिद (पहिलो संशोधन) ऐन, २०६३ तथा सार्वजनिक खरिद (पांचौं संशोधन) नियमावली, २०६४ को नियम ४० को उपनियम २(ङ) वमोजिमको घोषणापत्र दरभाउपत्रसाथ दरभाउपत्रदाताले पेश गर्नु पर्नेछ ।

१०. सूचनामा परेका व्यहोराहरु वाहेक अन्यको हकमा सार्वजनिक खरिद (पहिलो संशोधन) ऐन, २०६३ तथा सार्वजनिक खरिद (पांचौं संशोधन) नियमावली, २०६४, अनुसार हुनेछ । साथै कुनै संशोधन भएमा यस कार्यालयको सुचना पाटीमा सुचना टांस गरि जानकारी गराईनेछ ।

११. दरभाउपत्र सम्वन्धमा अन्य थप कुराहरु वुझ्नु परेमा यस कार्यालयको सम्पर्क नं. ०९९-५६०२५४ मा वुझ्न सकिनेछ ।

| सि.न. | ठेक्का नम्वर | गर्नुपर्ने कामको विवरण | लागत अनुमान (मु.अ.कर र कन्टेन्जेन्सी वाहेक ) रु. | दरभाउपत्र जमानत रकम रु. |
|---|---|---|---|---|
| 1 | PUN/MUN/074/075-022 | स्यांजा चोक देखि पूर्व अर्याल चोक रोड, सडक ग्रेभल तथा मर्मत कार्य पु.न.पा. -७, कञ्चनपुर | १०,६१,३५५/०९ | ३०,०००/- |
| 2 | PUN/MUN/074/075-023 | टाउके बजार देखि मसानघाट जानेबाटो सडक ग्रेभल तथा मर्मत कार्य,पु.न.पा. -११, कञ्चनपुर | ६,१९,२५१/१६ | १८,०००/- |
| 3 | PUN/MUN/074/075-024 | मनि खडका देखि अक्कल बोहराको घर देखि यम प्रसाद पसल सडक ग्रेभल तथा मर्मत कार्य,पु.न.पा. -११, कञ्चनपुर | ६,१९,१८५/५३ | १८,०००/- |
| 4 | PUN/MUN/074/075/025 | सिद्धदेवी मन्दिर देखि पूर्व देउराली नाला सडक ग्रेभल तथा मर्मत कार्य,पु.न.पा. -११, कञ्चनपुर | ५,३०,५८८/५२ | १५,०००/- |
| 5 | PUN/MUN/074/075-026 | सिद्धदेवी मन्दिर देखि पूर्व रोशन चोक सडक ग्रेभल तथा मर्मत कार्य,पु.न.पा. -११, कञ्चनपुर | ५,३०,५८८/५२ | १५,०००/- |
| 6 | PUN/MUN/074/075-27 | वडा कार्यालय पर्खाल निर्माण, माटो फिलिङ्ग, सभा हल रंगरोगन तथा मर्मत कार्य, पु.न.पा. -१, कञ्चनपुर | ८,५७,७९२/- | २५,०००/- |

**प्रमुख प्रशासकीय अधिकृत**